# लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, नवौं, व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७५।११।२६

पत्र : प्रथम
समय : ३ घण्टा
पूर्णाङ्क : १००

### विषय : अर्थ र वित्त तथा व्यवस्थापन र प्रशासन

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
| --- |

### खण्ड 'क' — ५० अङ्क

१. Short run र Long run production function को बारेमा चर्चा गर्दै विभिन्न Production Stages मा कसरी निर्णय लिइन्छ ? स्पष्ट पार्नुहोस् । ४+६=१०

२. नेपालको आर्थिक विकासमा वित्तीय संस्थाहरूको भूमिकाको संक्षिप्त समीक्षा गर्दै यिनीहरूले आगामी दिनमा थप निभाउनुपर्ने भूमिकाबारे प्रष्ट पार्नुहोस् । १०

३. वित्तीय नीति (Fiscal Policy) र मौद्रिक नीति (Monetary Policy) को अवधारणा उल्लेख गर्दै यी दुईबीचको अन्तरसम्बन्ध देखाउनुहोस् । सरकारले वार्षिक आय/व्यय (बजेट) विवरण जारी गरेपछि मात्र नेपाल राष्ट्र बैंकले मौद्रिक नीति (Monetary Policy) जारी गर्नुको पछाडि के उद्देश्य रहेको हुन्छ ? लेख्नुहोस् । ३+४+३=१०

४. नेपालको वर्तमान् कर व्यवस्थामा देखिएका संरचनागत समस्याका बारेमा विवेचना गर्नुहोस् । १०

५. मुद्रास्फीति (Inflation) को निर्धारक तत्वहरू के के हुन् ? नेपाल राष्ट्र बैंकले मुद्रास्फीति मापनको लागि Basket मा कसरी वस्तुहरूको छनौट गर्दछ ? यसमा थप सुधारको आवश्यकता के देख्नुहुन्छ ? लेख्नुहोस् । ३+४+३=१०

### खण्ड 'ख' — ५० अङ्क

६. प्रायः गरी व्यवस्थापनमा व्यवस्थापकीय संस्कारको निर्माण नेतृत्व वर्गबाट नै भएको पाईन्छ । तर नेपालमा यस्तो नेतृत्व न्यून संख्यामा रहेको पाईन्छ । यसका कारणहरू के हुन सक्लान् ? यस प्रकारको समस्या समाधान गर्न कस्तो रणनीति अख्तियार गर्नुपर्ला ? सुझाव दिनुहोस् । ५+५=१०

क्रमशः —

CamScanner

७. विविध सांस्कृतिक पृष्ठभूमिका व्यक्तिहरूसँग व्यवहार गर्दा कस्ता चुनौतीहरू (Challenges) र वाधाहरू (Barriers) को सामना गर्नुपर्दछ ? यस्ता समस्या समाधान गर्न कस्तो संगठनात्मक हस्तक्षेप (Organizational intervention) को रणनीति अवलम्बन गर्नु उपयुक्त हुन्छ ? सहभागितामूलक व्यवस्थापनको अवधारणा स्पष्ट गर्दै विश्लेषण गर्नुहोस् । १०

८. बीमा व्यवसायको प्रवर्द्धनमा आधुनिक बजार व्यवस्थापनको कस्तो विधिहरू अपनाउनुपर्ला ? नेपालमा बीमा व्यवसायमा बजार व्यवस्थापनको प्रभाव के कति सकारात्मक र नकारात्मक रहेको पाउनु भएको छ ? उल्लेख गर्नुहोस् । ४+३+३=१०

९. नेपालमा बीमा कम्पनीहरूको संख्या बढ्दैछ । सरकारी र निजी क्षेत्रका बीमा कम्पनीहरूको व्यवस्थापनमा विद्यमान् समस्याहरू पहिचान गरी ती समस्या समाधानका लागि उपयुक्त सुझाव प्रस्तुत गर्नुहोस् । १०

१०. उत्तरदायित्व र पारदर्शिताबीचको अन्तरसम्बन्धको चर्चा गर्दै सुशासन प्रवर्द्धन गर्न खुला शासन (Open Governance) को अवधारणा कति प्रभावकारी हुन सक्दछ ? विवेचना गर्नुहोस् । १०

:: समाप्त ::

CamScanner

# लोक सेवा आयोग

## राष्ट्रिय बीमा संस्थान, नवौं, व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।११।२७

पत्र : द्वितीय
समय : ३ घण्टा

पूर्णाङ्क : १००

### विषय : बीमा, लेखा, सम्बन्धित कानूनी व्यवस्था र समस्या समाधान

प्रत्येक **खण्डको** उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

**खण्ड 'क'** — ६० अङ्क

१. नेपालको आर्थिक विकासमा बीमा क्षेत्रले के कति योगदान गर्न सकेको पाउनुहुन्छ ? समीक्षा गर्नुहोस् । बीमा र अन्य आर्थिक क्रियाकलापहरुबीचको अन्तरसम्बन्धबारे चर्चा गर्नुहोस् । ५+५=१०

२. बीमा कम्पनीको लेखा/वित्तीय विवरण तयार गर्दा आकर्षित हुने लेखा सिद्धान्त र बीमा समितिबाट जारी भएका विभिन्न निर्देशिका तथा निर्देशनहरू उल्लेख गर्दै बीमा र अन्य निकायबीचको लेखाङ्कनको तरीका बीचको भिन्नता उल्लेख गर्नुहोस् । १०

३. Contract of Insurance लाई प्रभावकारी बनाउन मुख्य के के प्रक्रियाहरू पूरा गर्नुपर्दछ ? सो Contract भित्र Life and Non-Life Insurance Policy मा दाबी भुक्तानी सम्बन्धी के के भिन्नताहरू छन् ? वर्णन गर्नुहोस् । १०

४. जोखिम व्यवस्थापनका विविध उपायहरूलाई Risk Management Matrix मार्फत् व्याख्या गर्नुहोस् । यसको व्यवहारिक अभ्यास नेपालमा भएको/नभएको सम्बन्धमा विश्लेषण गर्नुहोस् । १०

५. जीवन बीमाको क्षेत्रमा Surrender तथा Lapse को अवस्था कस्तो पाउनुभएको छ ? विश्लेषण गर्नुहोस् । यसको प्रभाव बीमा कम्पनीको वित्तीय अवस्थामा कस्तो पर्दछ ? यसलाई हटाउने उपायहरू उल्लेख गर्नुहोस् । १०

६. बीमामा Fraud भनेको के हो ? जीवन र निर्जीवन बीमामा के भयो भने Fraud भएको भनिन्छ ? छुट्टाछुट्टै उदाहरण दिनुहोस् । राष्ट्रिय बीमा संस्थानमा देखिएका Fraud लाई रोक्न तपाँईसँग के कस्ता उपायहरू छन् ? सविस्तार उल्लेख गर्नुहोस् । १०

क्रमशः

## खण्ड 'ख' ४० अङ्क

७. करारका सामान्य सिद्धान्तहरू के के हुन् ? कस्तो किसिमका सम्झौतालाई प्रचलित करार कानून बमोजिम करार मान्न सकिन्छ ? प्रायः बीमा कम्पनीहरूसँग कारोवार गर्दा देखिने एक पक्षीय स्वभावका करारहरूबारे राष्ट्रिय बीमा संस्थानका ग्राहकहरूलाई वित्तीय दृष्टिले साक्षर (Financially Literate) बनाउन के गर्नुपर्ला ? सुझाव दिनुहोस् । १०

८. बीमा ऐन, २०४९ को परिच्छेद ३ दफा ८ मा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरिएको छ । तर बीमा क्षेत्रलाई व्यवस्थित र अनुशासित बनाउन यो पर्याप्त नरहेको विज्ञहरूको राय छ । दफा ८ मा के कस्तो संशोधन आवश्यक देख्नुहुन्छ ? विवेचनात्मक प्रस्तुति गर्नुहोस् । १०

९. देशको आर्थिक विकासको लागि आन्तरिक साधन र पूँजीको परिचालन गर्न तथा विदेशी मुद्राको व्ययभार रोक्नको लागि राष्ट्रिय बीमा संस्थानको स्थापना भएको देखिन्छ । प्रारम्भमा यसको स्थापना जीवन र निर्जीवन बीमा दुबै गर्ने उद्देश्य रहेको पाईन्छ । साथै पुनर्बीमा गर्ने गराउने कार्य पनि रहेको पाईन्छ । वि.सं. २०६४ देखि यसले जीवन बीमा व्यवसाय गर्ने काम, कर्तव्य मात्र पाएको देखिन्छ । पुनर्बीमा क्षेत्रमा पनि छुट्टै कम्पनी स्थापना भई कार्य गरिरहेको सन्दर्भमा राष्ट्रिय बीमा संस्थानले आफ्नो उद्देश्य पूरा गर्नमा प्रशस्त चुनौतीहरू रहेको भन्ने भनाइ सुनिन्छ । त्यस्ता चुनौतीहरूको पहिचान गरी समाधानमूलक प्रस्तुति गर्नुहोस् । २०

:: समाप्त ::

CamScanner

## लोक सेवा आयोग
## राष्ट्रिय बीमा संस्थान, नवौं, व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा
२०७६।०९।२७

पत्र : प्रथम
समय : ३ घण्टा
पूर्णाङ्क : १००

### विषय : अर्थ र वित्त तथा व्यवस्थापन र प्रशासन

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

### खण्ड 'क' — ५० अङ्क

१. Trade Cycle का विभिन्न चरणहरू (Phases) बारे सचित्र उल्लेख गर्दै Depression Phase बाट Economy लाई उकास्न के कस्ता उपाय उपयुक्त हुन्छ ? चर्चा गर्नुहोस् । ६+४=१०

२. Balance of Trade र Balance of Payment बीचको भिन्नता प्रष्ट्याउनुहोस् । नेपालको वैदेशिक व्यापार (Foreign Trade) सम्बन्धी के कस्ता समस्याहरू छन् ? चर्चा गर्नुहोस् । ५+५=१०

३. Rostow's Stages of Economic Growth बारे चर्चा गर्दै नेपाल अहिले कुन Stage मा रहेको ठान्नुहुन्छ ? तथ्य तथ्याङ्कसहित आफ्नो धारणा राख्नुहोस् । ४+६=१०

४. नेपालमा प्रदर्शन प्रभाव (Demonstration Effect) ले के कस्ता वस्तु तथा सेवाहरू (Goods and Services) को माग बढ्ने प्रवृत्ति रहेको पाउनुहुन्छ ? कारणसहित लेख्नुहोस् । यस्तो प्रवृत्तिलाई कम गरी उत्पानशील क्षेत्र (Productive Sector) मा लगानी बढाउन के कस्ता कर नीति अवलम्बन गर्नु उपयुक्त हुन्छ ? तर्कयुक्त राय प्रस्तुत गर्नुहोस् । ६+४=१०

५. वि.सं. २०१३ देखि अहिलेसम्म कार्यान्वयन भै सकेका १४ वटा आवधिक योजनाहरू तोकिएका सबै लक्ष्य तथा उपलब्धि हासिल गर्न सफल नरहेको भन्ने भनाइको सन्दर्भमा ती योजनाहरूमा निहित लक्ष्यहरू हासिल गर्न नसक्नाका कारणहरू उल्लेख गर्नुहोस् । उक्त कारणहरू पुनः दोहरिन नदिन कस्तो नीतिगत उपायहरू अवलम्बन गर्नुपर्ला ? व्यवहारिक राय प्रस्तुत गर्नुहोस् । ५+५=१०

क्रमशः –

CamScanner

## खण्ड 'ख' — ५० अङ्क

६. प्रतिभा व्यवस्थापन (Talent Management) मा प्रयोग हुने औजारहरू (Tools) र अवलम्बन गर्नुपर्ने प्रक्रिया (Process) को चर्चा गर्दै यस अवधारणाका नवीन र अनुकरणीय केही अभ्यासहरूको उदाहरण दिनुहोस् । ३+३+४=१०

७. नेपालका व्यावसायिक सार्वजनिक संगठनमा संस्थागत सुशासन (Corporate Governance) कायम गर्ने क्रममा आइपर्ने बाधा अड्चन (Obstacles) र चुनौतीको लेखाजोखा गर्नुहोस् । यी बाधा अड्चन हटाउन र चुनौतीको सम्बोधन र समाधान गर्न कर्मचारी-व्यवस्थापनबीचको सम्बन्ध (Employee-Management Relations) को उपयोग कसरी गर्नुहुन्छ ? तार्किक उत्तर दिनुहोस् । ५+५=१०

८. नेपालमा रणनीतिक व्यवस्थापन (Strategic Management) को अवलम्बन प्रभावकारी रूपमा गर्न नसकिएको भनी गरिने टिप्पणीको पृष्ठभूमिमा रणनीतिक योजना तर्जुमा एवं कार्यान्वयनमा के कस्ता कमी कमजोरीहरू रहेको देख्नुहुन्छ ? विवेचना गर्नुहोस् । १०

९. Information Quality र Quality of Managerial Decision द्वारा संगठनात्मक सुशासन अभिवृद्धि गर्न व्यवस्थापन सूचना प्रणाली (Management Information System) को अवयवहरूले के कसरी भूमिका निर्वाह गर्दछन् ? स्पष्ट पार्नुहोस् । १०

१०. समस्या समाधान (Problem Solving) को लागि उपयोगी हुने गरी अनुसन्धान प्रस्ताव (Research Proposal) तयार गर्दा ध्यान दिनुपर्ने मूलभूत पक्षहरूबारे चर्चा गर्नुहोस् । साथै, प्राथमिक तथ्याङ्क (Primary Data) संकलन गर्ने विधिहरू संक्षेपमा प्रकाश पार्नुहोस् । ४+६=१०

:: समाप्त ::

CS CamScanner

लोक सेवा आयोग

राष्ट्रिय बीमा संस्थान, नयाँ, व्यवस्थापक पदको प्रतियोगितात्मक लिखित परीक्षा

२०७६।०९।२८

पत्र : द्वितीय

समय : ३ घण्टा | पूर्णाङ्क : १००

विषय : बीमा र लेखा तथा सम्बन्धित कानूनी व्यवस्था

| प्रत्येक खण्डको उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । |
|---|

**खण्ड 'क'** **६० अङ्क**

१. Valuation of Goodwill को जानकारी गराउँदै यसका अवयवहरू (Components) का बारेमा स्पष्ट पार्नुहोस् । Goodwill Valuation गर्ने Cost, Market र Income Approach बारे विवेचनात्मक प्रस्तुति दिनुहोस् । १०

२. बीमा व्यवसायमा जालसाजी (Fraud) बारे जानकारी गराउनुहोस् । साथै, जीवन बीमा व्यवसायमा जालसाजी (Fraud) को प्रवृत्तिबारे चर्चा गर्दै अर्थतन्त्रमा यसबाट पर्नसक्ने दूरगामी असरबारे आँकलन गर्नुहोस् । ३+४+३=१०

३. नेपालको बीमा क्षेत्रमा राष्ट्रिय बीमा संस्थानले खेल्दै आएको भूमिकाको विवेचना गर्दै के कस्ता चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था रहेको पाउनुहुन्छ ? कारणसहित उल्लेख गर्नुहोस् । ३+३+४=१०

४. नेपालको बीमा उद्योगमा देखापरेका लेखागत समस्याहरू (Accounting Issues) के कस्ता छन् ? खुलासा गर्दै तिनको निराकरणका लागि नेपाल सरकार, बीमा समिति र स्वयं राष्ट्रिय बीमा संस्थानले के के गर्नुपर्ला ? बुँदागतरूपमा उल्लेख गर्नुहोस् । १०

५. अभिकर्ता (Agent) जीवन बीमा व्यवसायका मेरूदण्ड हुन् । सक्रिय अभिकर्ता (Agent) को संख्या कम रहेको विद्यमान अस्वस्थ प्रतिस्पर्धात्मक बजारीकरणलाई ध्यानमा राखी निजहरूले पाउने पारिश्रमिकको अतिरिक्त थप सुविधाहरू समेत पाउने गरी व्यवस्था भएको पाइन्छ । यस बाहेक हरेक बीमा व्यवसायसँग सम्बन्धित कम्पनीले अलग-अलग ढंगबाट सेवा सुविधासमेत प्रदान गर्दै आएको पाइन्छ । यस्तो सुविधाको कुनै अधिकतम हद तोकिएको पाइँदैन । यस्तो अवस्थामा एकातिर Policy Surrender र Lapse अनुपात र ठगीको घटना पनि बढ्ने गरेको पाईन्छ भने, अर्कोतर्फ सेवा

क्रमशः —

CamScanner

सुविधामा वृद्धि गर्नुपर्ने बाध्यता यी कम्पनीहरूलाई छ । यस परिप्रेक्ष्यमा उपरोक्त समस्या समाधानको लागि नेपालको जीवन बीमा कम्पनीको अभिकर्ता सम्बन्धी नीतिको आवश्यकता सम्बन्धी तर्क प्रस्तुत गर्नुहोस् । साथै, बीमा समिति, कम्पनी र अभिकर्ताको उत्तरदायी भूमिका समेत स्पष्ट पार्दै प्रभावकारी अभिकर्ता नीतिको खाका तयार पार्नुहोस् । २०

## खण्ड 'ख' ४० अङ्क

६. नेपालको संविधानमा उल्लेख भएका मौलिकहकहरूको कार्यान्वयनमा देखा पर्नसक्ने समस्याहरू के के हुन सक्दछन् ? छोटकरीमा लेख्नुहोस् । ५

७. जीवन बीमा (Life Insurance) व्यवसायमा राष्ट्रिय बीमा संस्थान कत्तिको सफल पाउनुहुन्छ ? समीक्षा गर्नुहोस् । ५

८. बीमा व्यवसाय लाई कस्तो अवस्थामा रोक लगाउन सकिन्छ ? चर्चा गर्नुहोस् । ५

९. मुलुकी देवानी संहिता, २०७४ ले सांयोगिक करारका सम्बन्धमा के कस्तो व्यवस्था गरेको छ ? सांयोगिक करारको उदाहरणसमेत दिनुहोस् । ५

१०. विद्युतीय अपराध (Cyber Crime) को प्रकृति तथा प्रकारका बारेमा चर्चा गर्दै नेपालको प्रचलित विद्युतीय करोबार ऐन त्यस्ता अपराधको नियन्त्रण गर्न कत्तिको प्रभावकारी ठान्नुहुन्छ ? तर्कयुक्त विश्लेषण गर्नुहोस् । १०

११. वित्तीय स्वार्थका बारेमा चर्चा गर्दै वित्तीय स्वार्थ भएको संस्थामा बीमकले के के कार्य गर्नु हुँदैन ? सैद्धान्तिक एवं कानूनी दृष्टिबाट टिप्पणी गर्नुहोस् । ४+६=१०

:: समाप्त ::